पाठ - १२

# जलस्रोत र ऊर्जा

## शब्द भण्डार

१. **दिइएका शब्द र अर्थ बिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| अथाह | ज्यादै धेरै |
| नौका | डुङ्गा |
| अलावा | अतिरिक्त |
| अख्तियार | नियम कानुनद्वारा दिएको अधिकार |
| नित्य | सधैँ |
| सर्वेक्षण | कुनै विषयको तथ्यपूर्ण जानकारीका लागि गरिने निरीक्षण जाँच/राम्ररी हेर्ने काम |
| निकाय | कुनै संस्था वा सदन |

२. **मिना अयरको वक्तृता पढी दिइएका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस्:**

(क) नेपाल प्राकृतिक सम्पदाका दृष्टिले संसारकै एउटा धनी देश हो।
(ख) घरायसी रूपमै पनि जलविद्युतको खपत बढाउन हौस्याउने नीति अख्तियार गर्नु जरुरी छ।
(ग) नौकाबिहार आदिको सुबिधाले नेपालको पर्यटनलाई दरिलो बनाएको छ।
(घ) नेपालको अर्थतन्त्र चलायमान हुन्छ र देशोन्नतिका सिँढीहरू थपिन्छन्।
(ङ) नेपालको विकासमा जलस्रोतको सर्वोपरि महत्त्व छ।

३. **दिइएका शब्दहरूको उल्टो अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| **शब्द** | **उल्टो अर्थ दिने (विपरीतार्थी) शब्द** |
|---|---|
| कृत्रिम | प्राकृतिक |
| विपन्न | सम्पन्न |
| प्राचीन | आधुनिक |
| साँघुरो | फराकिलो |
| आन्तरिक | बाह्य |
| सङ्कुचन | विस्तार |
| कुरुप | सुन्दर |

| | |
|---|---|
| सदुपयोग | दुरुपयोग |
| व्यय | आमदानी |
| अटुट | |
| विष | अमृत |

४. **दिइएका शब्दहरूको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् :**

➲

| | | |
|---|---|---|
| **मञ्चासीन** | : | मञ्चासीन अतिथिहरू आपसमा केही सल्लाह गर्दै छन्। |
| **द्रुततर** | : | नेपालको द्रुततर विकासका लागि जलस्रोतको पूर्ण उपयोग आवश्यक छ। |
| **सामर्थ्य** | : | हामीले आफ्नै सामर्थ्यले कृषि उत्पादन बढायौँ। |
| **खपत** | : | जाडो महिनामा सहरमा विद्युत् बढी खपत हुन्छ। |
| **पैनी** | : | किसानले पैनीबाट पानी लगाइ सिचाईं गरे। |
| **उर्वरा** | : | नेपालका कतिपय उर्वरा भूमि त्यसैखेर गएका छन्। |
| **अभियान** | : | हाम्रो जिल्लामा रक्तदान गर्ने अभियान नै चलेको छ। |
| **सङ्कट** | : | यातायातको सुविधाबिना पहाडी भेगका मानिसले निकै सङ्कट भोग्नु परेको छ। |
| **गगनचुम्बी** | : | गगनचुम्बी हिमाल सगरमाथाले नेपालीको पहिचान बढाएको छ। |

५. **तल दिइएका पदावली प्रयोग गरी अनुच्छेद लेख्नुहोस् :**
सेतो सुन, कृषिजन्य उत्पादन, पर्यटकीय गन्तव्य, देशोन्नतिका सिँढीहरू, प्रकृतिको छटा, फेवाको फैलावट, सम्पन्नताका ढोकाहरू, राराको रमिता, गण्डकीको गहिराइ, चमत्कारी पानी

➲ नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण मुलुक हो। नेपाल विश्वका पर्यटकहरूको आकर्षणको केन्द्र हो। यहाँका हिमालहरू हाम्रा लागि सेतो सुनका रूपमा रहेका छन्। यहाँको भूबनोट निकै रमणीय छ। कृषिका लागि उर्वरा भूमि प्रशस्त भएकाले कृषिजन्य उत्पादनका कारण देशोन्नतिका सिँढीहरू थपिदै गएका छन्। यहाँका फेवाको फैलावट र राराको रमिताले गण्डकीको गहिराई चमत्कारी पानीको नमुना प्रस्तुत गरेर विश्वलाई लोभ्याएका छन्। प्रकृतिका छटाले सम्पन्न नेपालले दिनदिनै सम्पन्नताका ढोकाहरू खोलिरहेको छ।

## बोध र अभिव्यक्ति

१. **जलस्रोत र ऊर्जा पाठ पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **पहिलो वक्ता र दोस्रो वक्ताले कति कति अनुच्छेदमा आफ्नो प्रस्तुति राखेका छन् ?**

➲ पहिलो वक्ता र दोस्रो वक्ताले क्रमशः ७ र ९ अनुच्छेदमा आफ्नो प्रस्तुति व्यक्त गरेका छन्।

(ख) **वक्तृता सञ्चालको विधिलाई पाठमा कसरी प्रस्तुत गरिएको छ**

➲ वक्तृता सञ्चालनको विधिलाई पाठमा वक्तृताको नियमानुसार पालैपालो प्रस्तुत गरिएको छ।

(ग) **पहिलो वक्ताले जलस्रोतसम्बन्धी कुन कुन सन्दर्भलाई समेटेको छ ?**

➲ पहिलो वक्ताले नेपालको जलस्रोत, यसको प्रयोग र क्षमता, यसको फाइदा आदि सन्दर्भलाई समेटेको छ।

(घ) **नेपालमा उपलब्ध जलस्रोत के के हुन् ?**

➲ हिमाल, नदीनाला, झरना, छहरा, तालतलैया, आफैँ पानी निस्किने मूलहरू, इनार, ट्युबेल आदि नेपालका जलस्रोत हुन्।

२. **"नेपालमा जलस्रोतको .... वातावरण तयार गर्नुपर्छ" वक्तृतांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपालमा जलस्रोतको अत्यधिक उपयोग जलविद्युतीकरणबाट गर्न सकिने कुरा विभिन्न सर्भेक्षणहरूले देखाएको हामी सबैलाई थाहा छ। बाह्रै महिना परिरहने हिउँ, नित्यनिरन्तर बगिरहने अथाह जलराशि र भिरालो भौगोलिक बनोटको सहमिलबाट ८३ हजार मेगावाटभन्दा बढी ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा सुरक्षित छ। वि.सं. १९६८ मा फर्पिङमा चन्द्रज्योति नामक ५०० किलोवाटको जलविद्युत् आयोजनाबाट सुरु भएको विद्युतीकरणको अभियान हाल करिब १५०० मेगावाट उत्पादन हुने क्रममा छ। काली गण्डकी ए जलविद्युत आयोजना जस्तो १४४ मेगावाट क्षमताको विशाल आयोजना सञ्चालनमा छ। यस्ता आयोजनाहरूमार्फत हाम्रो जलस्रोतको सम्पूर्ण क्षमताको पचास प्रतिशत मात्रै विद्युत उत्पादन गर्न सक्ने हो भने यस देशको आर्थिक उन्नति हुन बेर लाग्दैन। भर्खरैसम्म लोडसेडिङ र विभिन्न किसिमको ऊर्जा सङ्कट बेहोरिरहेको हाम्रो देशलाई त्यसबाट मुक्त गर्न सक्ने सामर्थ्य केवल जलस्रोतसम्बद्ध विद्युतीकरणले मात्र गर्न सक्छ। त्यसैले हाम्रो देशको उज्यालो भविष्य देख्न चाहने जुनसुकै निकायले जलविद्युत् आयोजनाको निर्माण, सञ्चालन र विस्तारमा ध्यान दिनु जरुरी छ। यसका लागि आवश्यक नीति नियमहरू तयार पार्नु वा आवश्यक परे फेरबदल गर्नु जरुरी छ। जलविद्युत्मा लगानी गर्ने वातावरण बनाउनुपर्छ। जलविद्युत्सँग सम्बद्ध उद्योग, कलकारखानाहरू खोल्ने वातावरण बनाउनु जरुरी छ। घरायसी रूपमै पनि जलविद्युत्को खपत बढाउन हौस्याउने नीति अख्तियार गर्नुपर्छ। अझ बढी हाम्रो देशमा उत्पादित जलविद्युत विदेशसम्म पुऱ्याएर बेच्ने वातावरण तयार गर्नुपर्छ।

(क) **नेपाली जलराशिमा कति मेगावाट विद्युत उत्पादन गर्ने क्षमता छ ?**

➲ नेपाली जलराशिमा ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता छ।

(ख) **के गर्न सके देशको आर्थिक समृद्धि हुने सम्भावना छ ?**

➲ जलविद्युत आयोजना मार्फत् विद्युत उत्पादन गर्न सके देश समृद्धि हुने सम्भावना छ।

(ग) **विद्युतको खपत कसरी बढाउन सकिन्छ ?**

➲ उद्योग, कलकारखानाको विस्तार गरेर र घरायसी काममा पनि विद्युत प्रयोग गर्नुपर्ने नीति ल्याउन सके विद्युत खपत बढाउन सकिन्छ।

(घ) **जल विद्युतीकरणका लागि नेपालको भूगोल किन उपयुक्त मानिएको होला ?**

➲ भिरालो भौगोलिक बनोटका कारण नेपालको भूगोल जल विद्युतीकरणका लागि उपयुक्त छ।

३. **दिइएको वक्तृतांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

आज हामी आफैँसँगको बिना नचिनेर भौतारिइरहेको कस्तुरीझैँ भएका छौँ। जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ। उर्वराभूति भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन्। युवाशक्ति विदेशिन बाध्य छन्। विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा पिरोलिन बाध्य छ हाम्रो समाज। यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिक सक्न बनाउने क्षमता जलस्रोतमा मात्र छ। हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ। कर्नालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्था गरेर धर्ती उर्वरा बनाउन सक्छौँ।

(क) **जलस्रोत र ऊर्जाका क्षेत्रमा दिगो विकास कसरी गर्न सकिन्छ ?**

➲ हाम्रो मुलुकमा रहेका जलस्रोतका भण्डारलाई अधिक उपयोग गर्दै तिनबाट विद्युत तथा सिँचाइको उचित प्रबन्ध गरेर यी दुईका क्षेत्रमा दीगो विकास गर्न सकिन्छ।

(ख) **राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको कस्तो भूमिका हुन्छ ?**

➲ राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। सिँचाइका आधुनिक प्रविधिको प्रयोग गरी अन्न उत्पादन गरेर अर्थतन्त्र मजबुत बनाउन सकिन्छ।

४. **'जलस्रोत र ऊर्जा' विषयक वक्तृताका दुवै वक्ताहरूले आफ्नो वक्तृतालाई प्रभावकारी बनाउन के कस्ता सहायक तर्क वा तथ्यहरू पेस गरेका छन्, दुवैका वक्तृताबाट कम्तीमा तीन तीन ओटा बुँदाहरू टिप्नुहोस् :**

➲ मिना अयरले आफ्नो वक्तृतालाई प्रभावकारी बनाउन निम्नलिखित तर्क प्रस्तुत गरेकी छन्:

(क) हाम्रो देशको जलस्रोतको सम्पूर्ण क्षमताको पचास प्रतिशत मात्र ऊर्जा निकाल्न सके देशको विकास हुने,

(ख) जलस्रोतलाई आधार बनाएर पर्यटक भित्र्याउन सकिने,

(ग) विद्युत ऊर्जाको प्रयोगबाट पेट्रोलियम पदार्थमा बाहिरी मुलुक जाने पैसा रोक्न सकिने।

राजन कार्कीले आफ्नो वक्तृतालाई प्रभावकारी बनाउन निम्नलिखित तर्क/तथ्यहरू प्रस्तुत गरेको छ :

(क) नेपालको नवीकरणीय जलऊर्जा विश्व बजारमा बेच्न सकिने,
(ख) जलस्रोतको भरपुर उपयोगले परिनिर्भरतालाई रोक्न सकिने,
(ग) उचित सिँचाइको प्रबन्ध गरेर अर्ग्यानिक फलफूल तथा तरकारी विश्वबजारमा बेच्न सकिने।

५. **नेपालको जलस्रोतले समृद्धिको आधार कसरी तयार पार्छ, लेख्नुहोस् :**

➲ नेपाल जलस्रोतमा विशवकै दोस्रो धनी देश भनेर चिनिन्छ। जलस्रोतको सम्पन्न भण्डार भए पनि यसको सही सदुपयोग गर्न नसकेका कारण हाम्रो मुलुकले समृद्धि तर्फको यात्रामा उचित फड्को मार्न सकेको छैन। जलस्रोतका भरपुर उपयोग गर्न सकेका खण्डमा देशको समृद्धिको आधार तयार हुन बेर लाग्दैन। जलसम्पदाको सदुपयोग गर्दै विद्युत गृह निर्माण तथा उचित सिँचाइको प्रयोग गर्न सके नेपाल समृद्धिको मार्गमा अघि बढ्ने कुरामा शङ्का छैन । विद्युत ऊर्जाबाट अनेक उद्योगधन्दा कलकारखाना सञ्चालन गरी तिनबाट उत्पादन भएका वस्तु विश्वबजारमा बेच्न सकिन्छ भने लाखौँ युवाशक्तिले रोजगार पनि पाउँछन् । विदेशी भूमिमा पसिना बगाउन बाध्य युवाशक्तिलाई जल सम्पदाको उपयोगले देश फर्काउन सके देश त्यसै समृद्ध बन्छ। उचित सिँचाइको अभावमा हाम्रा भूमिहरू काकाकुलझैँ मुख बाइरहेका छन्। समग्रमा भन्नुपर्दा जलस्रोतको सही उपयोग नै मुलुक समृद्धिको प्रमुख आधार हो।

८. **दिइएको प्रमुख समाचार ध्यानपूर्वक पढ्नुहोस् र उक्त समाचारलाई विस्तारमा लेख्नुहोस् :**

नमस्कार !
नेपाल समाचारमा स्वागत छ
सुरमा आजका प्रमुख समाचार

- सम्झौताअनुसार काम नगर्ने निर्माण कम्पनीको सम्झौता रद्द गर्न मातहतका निकायलाई ऊर्जा मन्त्रीको निर्देशन, समयमा काम गर्नुपर्छ भन्ने मान्यतामा विकास आएको दाबी
- राष्ट्रपतिद्वारा भूकम्पपछि पुनर्निर्माण भइरहेका सम्पदाको अवलोकन, वैशाख बाह्रभित्र धरहरा निर्माण गरिसक्ने लक्ष्यसहित काम अघि बढेको प्राधिकरणको दाबी,

➲ नमस्कार ! म चेतन राजवंशी,

नेपाल टेलिभिजनको राति आठ बजेको समाचारमा स्वागत छ। ऊर्जा मन्त्री गोकर्ण विष्टले समयमा आयोजना पूरा नगर्ने कम्पनीको ठेक्का रद्द गर्न निर्देशन दिनु भएको छ। नेपाल विद्युत प्राधिकरणको वार्षिक साधारण सभाका अवसरमा बोल्दै उहाँले सो कुरा बताउनु भएको हो। उहाँले सो अवसरमा सम्झौताअनुसार काम नगर्ने, ठेक्का मात्र लिने कम्पनीलाई आगामी दिनमा समेत ठेक्का नदिने कुरा जानकारी गराउनु भयो। अबका

दिनमा मन्त्रालयले काम र त्यसको परिणामलाई मात्र हेर्ने उहाँको भनाइ थियो।

राष्ट्रपछि चम्पादेवी चौधरीले भूकम्पले क्षति पुऱ्याएर पुनर्निर्माणको क्रममा रहेका स्थान तथा भौतिक संरचनाको अवलोकन गर्नु भएको छ। उहाँले पुनर्निर्माण भइरहेका पाटनको कृष्णमन्दिर, रानी पोखरी तथा धरहराको अवलोकन गर्नुभयो। सो अवसरमा नेपाल पुनर्निर्माण प्राधिकरण अध्यक्ष भाष्कर गुरुङले आगामी वैशाख १२ भित्रै यी तिनै सम्पदालाई पहिलेकै स्वरूपमा निर्माण गरिसकिने जानकारी गराउनु भएको थियो।

- उक्त खेलमा आइसिसी विश्वकप क्रिकेट लिग दुइअन्तर्गत त्रिदेशीय सिरिजमा नेपालको ऐतिहासिक जित हत पारेको छ। नेपालको घरेलु मैदानमा अमेरिका पैंतीस रनले पराजित भएको छ। कुशलको विश्व रेकर्ड, कायम गरेका थिए।

९. **उद्घोषकले कार्यक्रमको आरम्भमा बोलेका विषयवस्तुहरू पढ्नुहोस् र कार्यक्रमको रूपरेखासहित सोही ढाँचामा आफ्नो विद्यालयको वार्षिकोत्सवमा गरिने उद्घोषणको नमुना तयार पार्नुहोस् :**

नमस्कार, नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको पुस्तक प्रदर्शनी २०७७ को समुद्घाटन कार्यक्रममा उपस्थित हुनु भएका तपाईं सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु, म दीपेन्द्र लामा। अबको केही समय यो औपचारिक समुद्घाटन समारोहको उद्घोषकको भूमिकामा रहने छु। आशा छ, यहाँहरूको सहयोग र सद्भाव रहने छ। आदरणीय उपस्थित महानुभावहरू, यहाँहरूलाई विदितै छ, नेपाल प्रज्ञा प्रतिष्ठान भाषा, साहित्य र संस्कृतिलगायतका क्षेत्रमा प्राज्ञिक गतिविधि सञ्चालन गर्न स्थापित संस्था हो।

स्थापनाकालदेखि नै भाषा, साहित्य र संस्कृति, सामाजिकशास्त्र र दर्शनशास्त्रसम्बद्ध कार्य गर्दै आइरहेको छ। विभिन्न समयमा यस्ता पुस्तक प्रदर्शनी मेलासमेत आयोजना गर्दै आइरहेको छ। आज यस पुस्तक प्रदर्शनी मेलाको औपचारिक समुद्घाटन समारोहमा यहाँहरू उपस्थित हुनु भएको छ। म कार्यक्रम कति पनि ढिला नगरी औपचारिक रूपमा सुरुआत गर्ने अनुमति चाहन्छु। सबैभन्दा पहिले कार्यक्रमको अध्यक्षता गरिदिनुहुन प्रतिष्ठानका कुलपतिज्यूलाई मञ्चमा आमन्त्रण गर्दछु। यसैगरी प्रतिष्ठानले आयोजना गरेको प्रदर्शनीमा माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यूलाई प्रमुख अतिथिको आसन ग्रहण गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

➲ नमस्कार, म विमला तामाङ
आज हामी हाम्रो विद्यालयले वार्षिकोत्सवका अवसरमा आयोजना गरेको भव्य समारोहका बीच उपस्थित भएका छौं। विद्यालयको सभाहलमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई म हार्दिक अभिवादन गर्दछु। म आजको कार्यक्रम सञ्चालिकाका रूपमा यहाँ उपस्थित भएकी छु। हरेक वर्ष यस गौरीशङ्कर

माध्यमिक विद्यालयले भव्य समारोहका बिच वार्षिकोत्सव कार्यक्रम सञ्चालन गर्ने गरेको कुरा यहाँहरूमा विदितै छ । आदरणीय महानुभावहरू हाम्रो विद्यालय देशकै प्रतिष्ठित सम्मानित शैक्षिक संस्था हो । यस विद्यालयमा अध्ययन गरेर जानु भएका धेरै व्यक्तिहरू देशका महत्त्वपूर्ण पदमा पुगेर राष्ट्र सेवामा समर्पित हुनुहुन्छ । आज यस समारोहमा हामी त्यस्ता केही व्यक्तित्वलाई सम्मान गर्दै छौँ । अब म कार्यक्रमलाई औपचारिक रूपमा अघि बढाउँदै छु ।

कार्यक्रमको रूपरेखा

| | |
|---|---|
| ११:०० बजे | अतिथिलाई स्वागत |
| ११:५ बजे | सभापतिको आसन ग्रहण |
| ११:६ बजे | अतिथिको आसन ग्रहण |
| ११:१० बजे | प्राचार्यबाट स्वागत मन्तव्य/प्रतिवेदन प्रस्तुत |
| ११:३० बजे | शिक्षा मन्त्रालयका प्रतिनिधिबाट मन्तव्य |
| ११:४० बजे | स्थानीय अभिभावकको मन्तव्य |
| ११:५० बजे | प्रमुख अतिथिबाट सम्मानित व्यक्तिलाई दोसल्ला तथा सम्मानपत्र प्रदान गरेर सम्मान |
| १२:०० बजे | अतिथिबाट खेलकुद कार्यक्रममा विजयी खेलाडीलाई पुरस्कार वितरण |
| | - रोचक नृत्य |
| १२:३० बजे | अतिथिबाट वार्षिक परीक्षामा विभिन्न उत्कृष्ट स्थान ल्याउने विद्यार्थीलाई पुरस्कार वितरण |
| १:०० बजे | समाजसेवी महावीर पुनको मन्तव्य |
| | - गीत गायन |
| १:१५ बजे | प्रमुख अतिथिको मन्तव्य |
| | - रोचक नृत्य |
| १:३० बजे | सभापतिको मन्तव्य र सभा विसर्जन |
| १:४५ बजे | चिया खाना कार्यक्रम |

१०. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपालमा जननिर्वाचित संविधान सभाद्वारा निर्मित नयाँ संविधान २०७२ सालमा जारी भयो । नेपालको इतिहासमा सबैभन्दा प्रगतिशील यस संविधानको प्रावधानबमोजिम सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न भयो । यस लोकतान्त्रिक विधिबाट देशमा सङ्घीय लोकतानित्रक गणतन्त्र थप सुदृढ बनेको छ । संविधानले नागरिक तथा राजनीतिक अधिकार एवम् सामाजिक सांस्कृतिक अधिकारलाई निःसर्त गर्ने मानव अधिकारका मूलभूत मान्यताहरूलाई अङ्गीकार गरेको छ । मानव अधिकारको अवधारणाका प्रावधानहरूलाई मुलुकमा कार्यान्वयन गर्ने पवित्र उद्देश्यले संविधानको प्रस्तावनामा र मौलिक हक अन्तर्गत विभिन्न महत्त्वपूर्ण व्यवस्था गरिएको हो । देशको मूल कानुनका रूपमा रहेको संविधानका व्यवस्थाहरूलाई

प्रतिकूल असर पर्ने गरी कानुन बनाउन मिल्दैन। अर्थात् संविधानसँग बाझिने गरी बनेका कानुन स्वतः बदर हुन्छ । यदि कुनै ऐन र सो ऐनका प्रावधानहरू संविधानसँग बाझिएमा बाझिएको हदसम्म कानुनको त्यो व्यवस्था बदर गर्न अदालतमा मुद्दा परेमा अदालतले त्यसलाई बदर गर्दछ।

नयाँ संविधानको विभिन्न धाराका प्रावधान, मर्म र भावनाअनुरूप हुने गरी सयौँको सङ्ख्यामा संसद्ले नयाँ कानुनहरू तर्जुमा गरेको छ। संविधान अनुकूल हुने गरी संसदले ऐनका दफाहरू संशोधन गरेको छ। त्यसो त कानुन निर्मात्री लोकतान्त्रिक संसथा संसद नबसेको बेलामा नेपाल सरकारले अध्यादेशमार्फत् पनि देवानी र फौजदारी जस्ता सबै किसिमका कानुनहरू बनाउन र पुराना कानुन संशोधन गर्न पाउने व्यवस्था छ तर त्यसलाई संसद्को आगामी वैठकसमक्ष पेस गरेर अनुमोदन गराउनु पर्दछ।

देशमा बसोबास गर्ने कुनै पनि नागरिक वा कुनै पनि व्यक्ति कानुनभन्दा माथि हुन सक्दैन। सबैले कानुनको परिपालना गर्नुपर्दछ। कानुनको शासन लोकतन्त्रको मर्म भएकाले कानुन उल्लङ्घन गर्नेउपर अदालतले सजायको भागिदार बनाउँछ। संवैधानिक प्रावधान र कानुनी व्यवस्थाको पालनाबाट नै समाज सभ्य, अनुशासित र मर्यादित हुने भएकाले सबैले यस पक्षमा ध्यान पुऱ्याउनुपर्दछ। यसबाट नै एक आदर्श र समृद्ध समाज निर्माणमा योगदान पुग्दछ।

(क) **संविधानलाई किन देशको मूल कानुन भनिएको हो ?**

➲ संविधानलाई देशको मूल कानुन मानिएको हो किनभने यसमा प्रतिकूल असर पर्ने गरी वा बाझिने गरी कुनै अन्य कानुन बनाउन मिल्दैन। अन्य नियमकानुनहरू समेत यसैलाई आधार मानेर बनाउनु पर्ने हुन्छ।

(ख) **सबैले कानुनको परिपालना नगरे के हुन्छ ?**

➲ सबैले कानुनको पालना नगरेसम्म अनुशासित र मर्यादित समाज बन्दैन।

(ग) **अध्यादेशबाट निर्मित कानुन संसदबाट किन पारित गराउनु पर्छ ?**

➲ देशलाई आवश्यक परेका खण्डमा सरकारले अध्यादेशमार्फत कानुन निर्माण गर्न सक्छ तर यसरी निर्माण गरिएको कानुनले देशको मूल कानुन संविधानमा पूर्ण मान्यता पाउन संसदबाट पारित गराउनुपर्छ।

(घ) **सङ्घीय संसद र अध्यादेश शब्दको अर्थ लेख्नुहोस् :**

➲ सङ्घीय संसद : प्रदेशको संसद

अध्यादेश : संसदको अधिवेशन नभएका बेला (राष्ट्रलाई आवश्यक परेका खण्डमा सरकारले जारी गर्ने कानुन)

११. **दिइएको अनुच्छेद पढी बुँदा टिपोट गर्नुहोस् :**

नेपाललाई सगरमाथाको देशका साथै नदीनालाको देश पनि भनिन्छ। नेपालमा ठुला मझौला र साना गरी छ हजारभन्दा बढी खोलानालाहरू बग्दछन्। यमिध्ये कतिपय स्रोतहरू हिमालयका हिमजलबाट पारिपोषित भएका छन्। नेपालबाट

बग्ने नदीनालाहरूबाट १७० अरब क्युबिक मिटर पानी बहने गर्दछन्। यो जलप्रवाह गङ्गा नदीमा मिली बङ्गालको खाडीमा पुग्दछ। यस पानीबाट हामीले खास उपयोगिता लिन नसकेका मात्र होइनौं अपितु आफ्नो देशको मूल्यवान् मायालाई समेत यसले देशबाहिर पुऱ्याएको कुरा सर्वविदितै छ। यसरी सम्भाव्य आर्थिक मेरुदण्डका रूपमा रहेको जलसम्पदालाई उपयोगमा ल्याई देशमा विद्यमान खाद्यान्न, ऊर्जा र अन्य समस्याहरूको निराकरण गर्नु आजको चुनौती रहेको छ। देशको आर्थिक विकासका लागि विद्युत् शक्ति महत्त्वपूर्ण र सर्वोपरि देन हुन सक्छ। नेपालमा उपलब्ध जलसम्पदाबाट प्रचुर मात्रामा जलविद्युत् शक्तिको विकास गर्ने गुन्जायस भएको र कोइला, ग्याँस, खनिज, तेल आदि अन्य शक्तिको स्रोत पनि पत्ता लागिसकेको हुँदा यी सबै ऊर्जा शक्तिको विकास गर्नेतर्फ जोड दिएर अघि बढ्नु आजको समयको माग हो।

- नेपाल प्राकृतिक सम्पदा नदीनाला र सगरमाथाको देश भनेर चिनिएको,
- नेपालमा नदीनालाबाट हामीले खासै फाइदा लिन नसकेका,
- जलसम्पदाको उपयोग गरी देशका समस्या समाधान गर्नुपर्ने,
- नेपालका खनिज सम्पदाको उपयोग गरी राष्टको विकास गर्नुपर्ने आजको समयको माग।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १२ का आधारमा रही उत्तरमा रेजामा लगाउनुहोस्।**

(क) मानिसले चाहेमा प्राकृतिक प्रकोपलाई के गर्न सक्छ ?

– न्यूनीकरण गर्न

(ख) तटबन्ध भनेको के हो ?

– खोला किनारमा पर्खाल लगाउने काम

(ग) खोला किनारबाट मानिसले के निकाल्नु हुँदैन ?

– बालु वा तथा गिट्टी

(घ) अत्यधिक वर्षा भनेको के हो ?

– अतिवृष्टि

(ङ) पहिरो जाने क्षेत्रमा वर्षामा के गर्नु हुँदैन ?

– खेतीपाती गर्नु

२. **सुनाइ पाठ १२ का आधारमा उत्तर दिनुहोस् :**

(क) **प्राकृतिक प्रकोपमध्ये सबैभन्दा बढी जनमानसलाई दुःख दिने के हो ?**

➲ प्राकृतिक प्रकोपमध्ये सबैभन्दा बढी जनमानसलाई दुःख दिने बाढी पहिरो हो।

(ख) **बाढी पहिरो रोक्ने कुनै तीन उपाय बताउनुहोस्।**

- तटबन्ध निर्माण गर्ने
- वृक्षारोपण गर्ने

- खोलाबाट बालुवा, गिट्टी ननिकाल्ने

(ग) **वर्षाको समयमा बाढी पहिरो जाने ठाउँमा किन खेती गर्नु हुँदैन ?**

➲ खेतीपाती गर्दा खनजोत गर्नुपर्छ जसका कारण माटो कमलो हुन्छ। यही भएर वर्षाको समयमा यस्ता ठाउँमा खेती गर्नु हुँदैन।

(घ) **वातावरणीय सन्तुलनको अभावमा के हुन्छ ?**

➲ वातावरणीय सन्तुलनको अभावमा अत्यधिक वर्षा तथा खडेरीसमेत पर्न सक्छ।

(ङ) **बसाइ सुरक्षित भएन भने के हुन्छ ?**

➲ बसाइ सुरक्षित भएन भने जनधनको क्षति हुन्छ।

## भाषातत्त्व

### व्याकरणिक कोटि

२. **दिइएका वाक्यलाई कोष्ठकमा बताए अनुसार परिवर्तन गर्नुहोस्।**

(क) **जेठो छोरो आउँदै छ। (स्त्रीलिङ्ग)**

➲ जेठी छोरी आउँदै छे।

(ख) **उसकी बहिनी घरमा बसेकी छे। (पुलिङ्ग)**

➲ उसको भाइ घरमा बसेको छ।

(ग) **तिम्रा छोराहरू असल छन्। (स्त्रीलिङ्ग)**

➲ तिम्रा छोरीहरू असल छन्।

(घ) **सानी नानी पानी भर्छिन्। (पुलिङ्ग)**

➲ सानो बाबु पानी भर्छन्।

३. **दिइएको अनुच्छेदका वाक्यहरूको वचन परिवर्तन गर्नुहोस्।**

➲ हामीले गाउँमा हाम्रा पुराना साथीलाई भेट्यौँ। मैले धेरैबेर कुरा गरेँ। साथीहरूले आफ्ना प्रगतिका कुराहरू सुनाए। तिमीहरू पनि एकछिनमा आइपुग्यौ। उनीहरूले तिमीलाई चिनेनन्। तिमीहरूले एकअर्कालाई बिर्सेछौ।

४. **दिइएका वाक्यहरूलाई कोष्ठकमा बताए अनुसार परिवर्तन गर्नुनहोस् :**

(क) **सानो छोरो रोयो। (बहुवचन)**

➲ साना छोराहरू रोए।

(ख) **तिम्रा बहिनीहरू खेल्छन्। (एकवचन)**

➲ तिम्री बहिनी खेल्छे।

(ग) **त्यो फुल ओइलियो। (बहुवचन)**

➲ ती फूलहरू ओइलिए।

(घ) **असल मान्छेहरू नम्र हुन्छन्। (एकवचन)**

➲ असल मान्छे नम्र हुन्छ।

५. **दिइएका वाक्यहरूलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :**

(क) **हामीले सर्प र बिच्छी देखेका छौँ। (तृतीय पुरुष)**
➲ उनीहरूले सर्प र बिच्छी देखेका छन्।

(ख) **हजुर किन हास्नु भयो ? (प्रथम पुरुष)**
➲ हामी किन हाँस्यौँ ?

(ग) **उहाँ राम्ररी बोल्नुहुन्छ। (प्रथम पुरुष)**
➲ म राम्ररी बोल्छु।

(घ) **हामी ज्यादै दुःखी छौँ। (द्वितीय र तृतीय पुरुष)**
➲ तिमीहरू ज्यादै दुःखी छौ। (द्वितीय पुरुष)
उनीहरू ज्यादै दुःखी छन्। (तृतीय पुरुष)

(ङ) **तिमीहरू होहल्ला गर्दै छौ। (तृतीय र प्रथम पुरुष)**
➲ तिनीहरू होहल्ला गर्दै छन्।
हामीहरू होहल्ला गर्दै छौँ।

६. **कोष्ठकमा बताए अनुसार दिइएका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) **तँ भात खान्छस्। (उच्च आदरार्थी)**
➲ तपाईं भात खानुहुन्छ।

(ख) **हजुर कहिले फर्किनुहुन्छ ? (सामान्य आदरार्थी)**
➲ तँ कहिले फर्किन्छस् ?

(ग) **तिमी सबैलाई चिन्छौ। (उच्च आदरार्थी)**
➲ तपाईं सबैलाई चिन्नुहुन्छ।

(घ) **ऊ प्रथम हुन्छ। (मध्यम आदरार्थी)**
➲ तिमी प्रथम हुन्छौ।

(ङ) **धनीलाल गाउँमा बस्छ। (उच्च आदरार्थी)**
➲ धनीलाल गाउँमा बस्नुहुन्छ।

७. **दिइएको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरणमा र अकरणमा भए करणमा बदल्नुहोस् :**

➲ उनीहरू प्रदर्शनीमा गएनन्। हामी चाहिँ गयौँ। तिमीहरू पनि गएछौ नि। उनीहरूले धेरै स्थलहरूको भ्रमण गरेनछन्। हामी त त्यतिकै बसिरहेनौँ। नयाँ नयाँ कुराहरू पनि देख्यौँ।

८. **कोष्ठकमा बताएअनुसार दिइएका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) **उनीहरू धेरै राम्रा छन्। (अकरण)**
➲ उनीहरू धेरै राम्रा छैनन्।

(ख) **तिमी कहिल्यै नराम्रो बोल्दैनौ । (करण)**

➲ तिमी जहिल्यै नराम्रो बोल्छौ ।

(ग) **आज धेरै जाडो होला जस्तो छ । (अकरण)**

➲ आज धेरै जाडो होला जस्तो छैन ।

(घ) **पानी परेन र जाडो भएन । (करण)**

➲ पानी पर्‍यो र जाडो भयो ।

(ङ) **उसले चिनेको मान्छे बाटामा भेट्यो । (अकरण)**

➲ उसले चिनेको मान्छे बाटामा भेटेन ।

९. **कोष्ठकका सहायताले तलका वाध्यहरू (काल, पक्ष, भाव, वाच्य र प्रेरणार्थ) परिवर्तन गर्नुहोस् :**

(क) **म घरमै बस्छु । (सामान्य भूत)**

➲ म घरमै बसेँ ।

(ख) **हामी चिठी लेख्छौँ । (अपूर्ण भूत)**

➲ हामी चिठी लेख्दै थियौँ ।

(ग) **तँ त्यही बस्छस् । (पूर्ण भूत)**

➲ तँ त्यहीँ बसेको थिइस् ।

(घ) **तिमीहरू गृहकार्य गर्छौ । (अभ्यस्त भूत)**

➲ तिमीहरू गृहकार्य गर्थ्यौ ।

(ङ) **तपाई पोखरा जानुहुन्छ । (अज्ञात भूत)**

➲ तपाईं पोखरा जानुभएछ ।

(च) **उनीहरू बजार गएछन् । (सामान्य वर्तमान)**

➲ उनीहरू बजार जान्छन् ।

(छ) **तिमी सधैं डुल्थ्यौ । (अपूर्ण वर्तमान)**

➲ तिमी सधैँ डुल्दै छौ ।

(ज) **नरेशले रुख ढाल्यो । (पूर्ण वर्तमान)**

➲ नरेशले रुख ढालेको छ ।

(झ) **उहाँहरू यहाँ आउनु भयो । (सामान्य भविष्यत्)**

➲ उहाँहरू यहाँ आउनु हुनेछ ।

(ञ) **उनी गट्टा खेल्थिन् । (अपूर्ण भविष्यत्)**

➲ उनी गट्टा खेल्दै हुनेछिन् ।

(ट) **सानी पाठ पढ्थिन् । (पूर्ण भविष्यत्)**

➲ सानीले पाठ पढेकी हुनेछिन् ।

(ठ) **उनीहरू खेल खेल्छन् । (सम्भावनार्थ)**
➲ उनीहरू खेल खेल्लान् ।

(ड) **तिमीहरू बजार गयौ । (आज्ञार्थ)**
➲ तिमीहरू बजार जाओ ।

(ढ) **तपाईं मिठाइ खानुहोला । (अनुरोधार्थ)**
➲ तपाईं मिठाई खानुहोस् ।

(ण) **तँ फुटबल खेल्छस् । (इच्छार्थ)**
➲ तँ फुटबल खेलेस् ।

(त) **भाइहरू मिहिनेत गर्छन् । (प्रश्नार्थ)**
➲ भाइहरू मिहिनेत गर्छन् ?

(थ) **मैले पर्यटकहरू देखें । (कर्मवाच्य)**
➲ पर्यटकहरू देखिए ।

(द) **उनीहरू यतैतिर आऊन् । (भाववाच्य)**
➲ उनीहरूद्वारा यतैतिर आइयोस् ।

(ध) **उनीहरूले घर बनाएका छन् । (कर्मवाच्य)**
➲ उनीहरूद्वारा घर बनाइएका छन् ।

(न) **तिमी कथाहरू पढौला । (प्रेरणार्थ)**
➲ आमाले तिमीलाई कथाहरू पढाउनुहोला ।

(प) **ऊ घरमै बसोस् । (प्रेरणार्थ)**
➲ दिदीले उसलाई घरमै बसाउनुहोस् ।

(फ) **गुरुले तिमीलाई के के पढाउनु भएको छ ? (अप्रेरणार्थ)**
➲ तिमीले के के पढेका छौ ?

## उक्ति

१. **दिइएका कथनहरू प्रत्यक्ष वा अप्रत्यक्ष के हुन् छुट्याउनुहोस् :**

(क) **हामीले भन्यौँ, "उनीहरू चाँडै आउँछन् ।"**
➲ प्रत्यक्ष कथन

(ख) **मलाई दुई दिन बस्न राजनले आग्रह गऱ्यो ।**
➲ अप्रत्यक्ष कथन

(ग) **तिमीले मलाई भन्यौ, "हामी पनि जाऔँला ।"**
➲ प्रत्यक्ष कथन

(घ) **त्यो मानिस त्यस कामका लागि योग्य छ भन्ने सबैले बताए ।**
➲ अप्रत्यक्ष कथन

(ङ) **मैले उसलाई धन्यवाद दिएँ ।**

➲ अप्रत्यक्ष कथन

(च) **मैले भनें, "उसले परीक्षामा राम्रो गरोस् ।"**

➲ प्रत्यक्ष कथन

२. **दिइएका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस् :**

(क) **पूर्णमानले भन्यो, "समाजको अवस्था दयनीय छ ।"**

➲ पूर्णमानले समाजको अवस्था दयनीय भएको बतायो ।

(ख) **सन्तोषले गम्भीर हुँदै भन्यो, "नेपालमा विकासको नयाँ परिभाषा चाहिएको छ ।"**

➲ सन्तोषले गम्भीर हुँदै नेपालमा विकासको नयाँ परिभाषा चाहिएको कुरा बतायो ।

(ग) **सञ्जीवले चिन्ता मान्दै बोल्यो, "परिभाषा बदल्दैमा समाजको समस्या समाधान हुँदो रहेनछ ।"**

➲ सञ्जीवले चिन्ता मान्दै परिभाषा बदल्दैमा समाजको समस्या समाधान नहुने कुरा भयो ।

(घ) **विमलाले उत्साहका साथ भनी, "अब म पनि समाज परिवर्तनका लागि खटिन्छु ।"**

➲ आफू उत्साहका साथ समाज परिवर्तनमा खटिने कुरा विमलाले बताई ।

३. **दिइएको अनुच्छेदलाई प्रत्यक्ष कथनमा बदल्नुहोस् :**

➲ आमाले भन्नुभयो, "छोरी, तिमी के गर्दैछौ ?"
छोरीले भनिनु, "म वक्तृताका लागि सामग्री सङ्कलन गर्दै छु ।"
आमाले भन्नुभयो, "म पनि वक्तृतामा चासो राख्छु ।"
छोरीले सोधिन्, "आमा, नेपालको सिँचाइ स्थिति कस्तो छ ?"

## सिर्जना र परियोजना

१. **दिइएका बुँदाका आधारमा 'जलवायु परिवर्तन चुनौति' शीर्षकमा वक्तृता तयार पार्नुहोस् :**

➲ श्रद्धेय सभाध्यक्ष
गुरु तथा गुरुआमा,
निष्पक्ष निर्णायक मण्डल

प्रतियोगी तथा अप्रतियोगी साथीहरू !

आजको यस वक्तृता प्रतियोगितामा सहाभगी हुन पाएकामा म अत्यन्तै हर्षित छु। सभागीको अवसर प्रदान गनुहुने मेरा सदनका क्याप्टेनप्रति हार्दिक आभार प्रकट गर्दछु। आजको वक्तृताको विषय रहेको छ 'जलवायु परिवर्तनमा चुनौति ।'

उपस्थित महानुभावहरू,

जलवायु परिवर्तन आजको विश्वका लागि कडा चुनौतिको विषय हो । जलवायु मानव तथा पृथ्वीका सम्पूर्ण प्राणीका लागि प्राण नै हो भन्ने विषयमा दुईमत छैन । जलवायुको सामान्य अर्थ 'हावापानी तथा तापक्रम' भन्ने बुझिन्छ भने परिवर्तन भनेको फेरबदल हो । चुनौतिको अर्थ सामना गर्नुपर्ने स्थिति/अवस्था भन्ने बुझ्नुपर्छ । पृथ्वीको तापक्रम फेरबदल हुनु जलवालयु परिवर्तन हो । जलवायु परिवर्तनलाई वायुमण्डलको तापक्रममा हुने परिवर्तन भनी बुझ्न सकिन्छ । यो आफै हुने एक प्राकृतिक चक्र हो । हिउँदमा तापक्रम चिसो हुनु, ग्रीष्ममा उष्ण हुनु, वर्खामा वृष्टिपात हुनु, जलवायु परिवर्तनकै प्रक्रिया हुन् । यसलाई मौसम परिवर्तन भनी बुझ्न सकिन्छ । तर प्राकृतिक प्रक्रियाअनुसार वातावरण फेरबदल नहुनु वायुमण्डलीय तापमानमा अनौठो परिवर्तन आउनु जलवायु परिवर्तन हो । यो ज्यादै संवेदनशील कुरा हो, यस्तो परिवर्तन मानवका लागि गम्भीर चुनौतिको विषय हो ।

उपस्थित महानुभावहरू!

प्राकृतिक स्रोतको दुरुपयोग, खनिज इन्धनको बढ्दो प्रयोग, वनजङ्गलको विनाश लगायत मानवको अविवेकीपनका कारण जलवायु चक्र असन्तुलित बन्दै गएको छ । मुलतः औद्योगीकरण, सहरीकरण, यातायातका साधनको बढ्दो प्रयोग, रासायनिक पदार्थको अत्यधिक प्रयोग आदिले वातावरणमा प्रतिकूल असर पुऱ्याएका छन् । औद्योगिक राष्ट्रहरूले उत्सर्जन गर्ने कार्बनडाइअक्साइड, नाइट्रसअक्साइड, मिथेल, सल्फरअक्साइडजस्ता हरितगृह ग्याँसका कारण प्राकृतिक चक्रको फेरबदलमा अनौठोपन देखिन थालेको छ । पृथ्वीको सतहको औसत तापक्रम ०.८५ डिग्रीका दरले बढिरहेको छ । वातावरणमा नकारात्मक प्रभाव परेका कारण बेमौसमी वर्षा तथा अनावृष्टि र अतिवृष्टिको मार धर्तीमा परिरहेको छ । प्राकृतिक सन्तुलन बिग्रिरहेको छ । हिमतालहरू फुट्ने खतरामा छन् । विश्वप्राणीजगत यसको चपेटामा परेको छ । हावापानीको परिवर्तनबाट पृथ्वीका प्राणी तथा वनसपतिमध्ये २० देखि ३० प्रतिशत लोप हुँदै गएको तथ्याङ्क सार्वजनिक भएको छ भने तापक्रम बृद्धिले कतिपय प्राणी तथा वनस्पतिहरू क्रमशः उच्च ध्रुवीय क्षेत्रतिर सर्दै जान थालेको विज्ञहरूको अनुसन्धानले पुष्टि गरेको छ ।

**उपस्थिति महानुभावहरू!**

जलवायु परिवर्तनका विषयमा विश्वव्यापी रूपमा चिन्ता र चासो बढ्दै गए पनि यसको उचित समाधान हुन सकेको छैन । जलवायु परिवर्तनका असरलाई कम गर्न एउटा दुईटा राष्ट्रको पहल व्यर्थ नरहला भन्न सकिदैन । अन्तर्राष्ट्रिय जगत्बाटै यस सम्बन्धमा विशेष योजना बनी कार्यान्वयन हुनु जरुरी छ । (जनाउ घण्टी बज्छ) । अनि मात्र 'हाम्रो पृथ्वी : राम्रो पृथ्वी' बन्न सक्ला । आउँदा पुस्तालाई पाठ सिकाउन पनि अहिलेको विश्व समुदायले सोच्नै पर्छ नत्र वातावरणीय जोखिमबाट ठुलै क्षति

बेहोर्नुपर्ने निश्चित छ । त्यसैले विश्वको हावापानी परिवर्तनबारेमा भएका अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेका आचार संहिता पालना गर्नुपर्छ । हावापानीलाई प्रभाव पार्ने पक्षलाई कम गर्न चेतना बढाउनुपर्छ । यति भन्दै मेरो भनाइ अन्त्य गर्दछु ।

२. **आफ्नो टोलमा सम्पन्न मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्बन्धी एउटा प्रतिवेदन तयार पार्नुहोस् :**

➲ २०७७/६/६

'मैत्रीपूर्ण फुटबल खेल सम्पन्न'

प्रगति युवाक्लव डाँडागाउँ तेह्रथुमले अन्तर गाउँपालिका स्तरीय मैत्रीपूर्ण फुटबल खेल सम्पन्न गरेको छ । २०७७/६/६ गते श्रीकृष्ण मा.वि. डाँडागाउँको खेल मैदानमा सम्पन्न उक्त खेलमा गुराँसे गाउँपालिका र मिक्लाजुङ गाउँपालिका सहभागी भएका थिए । विजयादशमीको पूर्वसन्ध्यामा सम्पन्न फुटवल खेल निकै रोचक भएको थियो । मैत्रीपूर्ण उक्त खुल्ला फुटबल प्रतियोगितामा १५ वर्षदेखि ४५ वर्षसम्मका खेलाडीहरू सहभागी थिए । खेलमैदानको उत्तरतर्फको छेउमा मञ्च बनाइएको थियो । फुटबल खेल्न सुरु हुनु अघि प्रगति युवा क्लबका अध्यक्ष राकेश तामाङले मैत्रीपूर्ण खेलका लागि शुभकामना दिनु भएको थियो । उक्त खेलमा दुवै गाउँपालिकाका अध्यक्ष तथा विभिन्न वडाका वडाअध्यक्षहरू समेत दर्शकका रूपमा उपस्थित भएका थिए ।

दिनको ३ बजे औपचारिक कार्यक्रमको थालनी भएको थियो । ठिक ३:३० बजे फुटबल खेल सुरु भएको थियो । फुटबल खेल सञ्चालन गर्नका लागि जिल्ला खेलकुद परिषद तेह्रथुमका कर्मचारिले सहयोग गरेका थिए । खेलको सत्रौं मिनेटमा गुराँसे गाउँपालिकाका खेलाडीले १ गोल गरेका थिए । यससँगै खेलले निकै रोचक मोड लियो । मिक्लाजुङ गाउँपालिकाका खेलाडीहरू निकै सक्रिय भएर खेल्न थाले भने गुराँसे गाउँपालिकाका खेलाडी पनि उत्तिकै सक्रिय देखिए । ३० मिनेटसम्म गुराँसे गाउँपालिकाले १ गोलको अग्रता कायम गऱ्यो । ३० मिनेटपछि मध्यान्तर भयो । १० मिनेटको मध्यान्तरपछि खेल पुनः सुरु भयो । मध्यान्तरपछिको ९ मिनेटमा मिक्लाजुङका क्याप्टेनले पाएको फ्रि किकलाई गोलमा परिणत गरेपछि खेल बराबरीमा पुग्यो । खेल निकै रोचक ढङ्गमा अघि बढिरहेको बेला डि एरियाभित्र हेन्ड भएका कारण गुराँसेले पेनाल्टी सुट पायो र त्यसलाई गोलमा परिणत गऱ्यो र अग्रता लियो । खेलको अन्त्यसम्म नै गुराँसे गाउँपालिकाले रक्षात्मक खेल्दै जित हात पाऱ्यो । यसरी दुई गाउँपालिकाका बिच भएको मैत्रीपूर्ण खेल निकै रमाइलो भयो ।

फुटबल खेलका अन्त्यमा दुवै गाउँपालिकाका अध्यक्षले एकआपसमा अँगालो मारेर सुखी प्रकट गरे । दुवै समूहका खेलाडीलाई क्लबका अध्यक्षले मायाको चिनो प्रदान गरे । कार्यक्रमको अन्त्यमा बोल्दै क्लबका अध्यक्षले मैत्रीपूर्ण फुटबल

खेलले दुवै गाउँपालिकाका मानिसमा एकता र मित्रता कायम गर्न थप बल पुगेको बताउँदै फुटबल खेल तथा औपचारिक कार्यक्रम समापन भएको घोषणा गरे।

**सुझाव**

- स्वयंसेवकको उचित व्यवस्थापन गर्नुपर्ने,
- चियाखाजाको व्यवस्था राम्ररी गर्नुपर्ने,
- खेलमैदानमा भएका खाल्डाखुल्डी व्यवस्थित गरेर पुर्नुपर्ने।

**प्रतिवेदक**
रोशन लिम्बु

४. **पत्रपत्रिकामा छापिएका समाचारहरूको नमुना हेरी तपाईंको समाजमा भएगरेका विकास निर्माणका कार्य समेटिने गरी एउटा छोटो समाचार तयार पार्नुहोस् :**

➲ समाचार

**पक्की पुल निर्माण सम्पन्न**

सर्लाही जिल्लाको हरिऔन र पोखरीया टोलका बीचमा रहेको खहरे खोलामा पक्की पुल निर्माण सम्पन्न भएको छ। यस खोलामा पुल नहुँदा विशेष गरेर वर्षायाममा दुवै टोलबासीले निकै समस्या खप्नु परेको थियो। जिल्ला विकास समितिले गत वर्ष व्यवस्थापन गरेको बजेटबाट ३५ फिट लम्बाइ र १५ फिट चौडाइको उक्त पुल निर्माणले स्थानीयबासी निकै हर्षित भएका छन्। समयै काम पूरा गर्ने सारसा निर्माण कम्पनीलाई पनि सबैले प्रशंसा गरेका छन्।

५. **'मानिसभन्दा प्रकृति बलियो हुन्छ' भन्ने शीर्षकमा समूहबाट दुई दुई जना वक्ताहरू छानी कक्षामा वादविवाद सञ्चालन गर्नुहोस् :**

**(ख) 'मानिसभन्दा प्रकृति बलियो हुन्छ' (विपक्षबाट)**

➲ आरदणीय सभापतिज्यू,
निर्णायक मण्डल,
गुरुवर्ग,
उपस्थित प्यारा साथीहरू।

प्रकृतिभन्दा मानिस बलियो हुन्छ भन्ने आजको वादविवादको विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्न उपस्थित भएकी छु। भर्खरै मात्र मेरा पूर्ववक्ता साथीले मानिसभन्दा प्रकृति बलियो हुन्छ भन्ने फितला तर्क गरेर जानुभयो। हो, केही हदसम्म मानिसभन्दा प्रकृति बलियो होला तर हामीले गम्भीरतापूर्वक सोच्यौं भने प्रकृतिभन्दा मानिस नै बलियो छ भन्न कर लाग्छ। प्रकृति आफैमा पूर्ण छ र मानिस पनि प्रकृतिकै अनुयायी हो, यस कुरामा म सहमत हुन सक्छु। तर गहिरिएर सोच्ने हो भने आज मानिसको बल, बुद्धि, क्षमता र नयाँ सोचले प्रकृतिमाथि विजय पाइसकेको छ। यो यथार्थ हाम्रै अगाडि नाचिरहेको छ।

आज मानिसले समुद्रमा बस्ती बसाएको छ, पहाडलाई समथरमा परिणत गरेको छ, समुद्रमा पसेर मोती टिप्न सफल भएको छ, मरुभूमिलाई हराभरा बनाएको छ।

त्यतिमात्र कहाँ हो र ? जापानको हिरोसिमा र नागासाकी जस्ता ध्वस्त सहर पुनः सुन्दर र आकर्षक भएका छन् । के यो सब मानिसले गरेको होइन ? मानिसले कल्पना नगरेको ठाउँ चन्द्रमामा पुग्न मानिसनै सफल भएको छ । मानिसले रातलाई दिन र दिनलाई रात बनाएको छ । आवश्यक परेको बेला पानी बर्साउन सक्ने भएको छ भने टेलिभिजन, कम्प्युटर, यन्त्रमानवजस्ता आश्चर्यचकित पार्ने साधनहरू निर्माण गरेर हाम्रो जीवनलाई अत्यन्त सहज, सरल र सुगम बनाएको छ । रेल, मोटर, हवाइजहाज बनाएर गुड्न र उड्न सक्ने भएको छ भने टेलिफोन, टेलिभिजन, कम्प्युटर, यन्त्रमानवजस्ता आश्चर्यचकित पार्ने साधनहरू निर्माण गरेर हाम्रो जीवनलाई, अत्यन्त सहज, सरल र सुगम बनाएको छ । यस्ता काम प्रकृतिले गरेको देखिदैन । प्रकृतिमाथि विजय गर्दै मानिस अगाडि बढिरहेको छ र प्रकृतिकै अपूरा कामलाई पूरा गरिरहेको छ । यसरी मानिस बल, बुद्धि, क्षमता, सोच, कार्यकुशलका कारण प्रकृतिभन्दा बलियो हुन पुगेको छ । बरू प्रकृतिमा अपूर्णता, अभाव र कमजोरीहरू देखिन्छन् । मानिसले त्यसलाई पूर्णता प्रदान गरेको हुँदा प्रकृतिभन्दा मानिस नै बलियो हो भन्दै म आफ्ना भनाइ यही अन्त्य गर्दछु । धन्यवाद ।